नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

प.सं. ०७९।८०
च.नं. 01

मितिः २०७९/०४/०२

विषयः आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन सम्बन्धमा ।

श्री प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै ।

अर्थ मन्त्रालयको च.नं. २ मिति २०७९/०४/०१ को आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन बमोजिम चालु आ.व. २०७९/८० को विनियोजन ऐन, २०७९ का अतिरिक्त आर्थिक व्यवस्थापनसँग सम्बन्धित अन्य प्रचलित कानुनको अधिनमा रही सङ्घीय सञ्चित कोष माथि व्ययभार हुने रकम र सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने रकमहरुको निकासा, खर्चको लेखाङ्कन र नियमित प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाउनु हुन अनुरोध छ । यसका साथै निम्न विषयहरुमा तहाँबाट बजेट निकासा लिई खर्च लेख्ने जिल्लास्थित सबै निकायहरुलाई यसै बमोजिम गर्ने / गराउने व्यवस्था मिलाउनुहुन र समग्र वित्तीय अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिको लागि बजेट निकासा खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनिवार्य रुपमा परिपालन गर्नु / गराउन हुन जानकारी गराउँदछु

## (क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र एकल खाता कोष प्रणाली (TSA) बीच अन्तरआवद्धता रहेको हुँदा चालु आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम एकल खाता कोष प्रणाली (TSA) अनुसार भुक्तानी निकासाको व्यवस्था गर्ने ।

२. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट २०७९ फाल्गुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०७९ चैत १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नुपर्ने व्यवस्था भएकाले सो अनुसार भए / नभएको अनुगमन गर्ने ।

## (ख) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन

१. विनियोजन ऐन, २०७९ को दफा ५ बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नु



-फोन : ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स : ९७७-१-४७७१२९१, इमेलः info@fcgo.gov.np

पर्ने भएमा प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाइएको हुँदा सोही अनुसार गर्ने गराउने ।

२. यस खण्डको बुँदा नम्बर १ अनुसार कार्यान्वयन गर्दा प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने गरी भएको निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सङ्घको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश वा स्थानीय तहको कार्यालयलाई अर्थ मन्त्रालयमार्फत कार्यालय कोड लिई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सङ्घीय निकायको रूपमा प्रचलित सङ्घीय कानुन बमोजिम रकम निकासा दिने व्यवस्था भएकोले सोही अनुसार गर्ने/गराउने ।

३. प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै कार्यक्रम वा आयोजना प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको कुनै कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो कार्यक्रम वा आयोजना नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको हुँदा सोही अनुसार गर्ने / गराउने ।

४. स्थानीय तहको योजना / कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सङ्घीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको कार्य सञ्चालन कोष खाता (क.२.६) मा जम्मा गर्ने, रकम भुक्तानी दिने र प्रतिवेदन गर्ने कार्य सम्बन्धित कार्यालयबाट गराउने व्यवस्था मिलाउने । साथै यस्तो कारोबारको आन्तरिक लेखापरीक्षण सम्बन्धित स्थानीय तहबाटै गर्ने/गराउने व्यवस्था मिलाउने।

५. बुँदा नं. ३ बमोजिम प्रदेश सरकारको कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा प्रदेश सरकारको निर्णयलाई खर्च गर्ने अख्तियारी मानेर प्रदेश सरकारको एकल खाता कोष प्रणालीमा कार्यालय कोड लिई प्रचलित प्रदेश कानुन बमोजिम रकम निकासा गर्ने गराउने । यसको आन्तरिक लेखापरीक्षण सम्बन्धित प्रदेश सरकारले नै गर्ने/गराउने व्यवस्था मिलाउने ।

६. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था भए बमोजिम तोकिएका शर्तको पालना गराउने र वैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यान्वयन गर्दा दातृ निकायसँग गरेको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू समेत पालना गर्ने गराउने ।

७. प्रदेश वा स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानमा वैदेशिक सहायता समावेश भएमा सम्बन्धित मन्त्रालय/विभाग/आयोजना कार्यालय/आयोजना समन्वय कार्यालय रहेकोमा आवधिक रुपमा यस्ता विवरणहरु प्रदेश तथा स्थानीय तहले पठाए / नपठाएको अनुगमन गर्ने ।



-फोन : ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स : ९७७-१-४७७१२९१, इमेल: info@fcgo.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था

१. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तर समेतका आधारमा भुक्तानी निकासा दिने व्यवस्था मिलाउने । पहिलो त्रैमासिक भुक्तानी निकासाको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन । दोस्रो त्रैमासिक भुक्तानी निकासाका लागि अघिल्लो त्रैमासिक सम्मको भौतिक प्रगति न्यूनतम ३० प्रतिशत हुनु पर्नेछ । साथै तेस्रो त्रैमासिक भुक्तानी निकासाका लागि अघिल्लो त्रैमासिक सम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत भएको हुनु पर्नेछ । सोभन्दा कम भौतिक प्रगति भएको अवस्थामा सम्बन्धित मन्त्रालयको सचिवबाट आगामी त्रैमासिक अवधिमा भौतिक प्रगति पुरा गर्ने प्रतिबद्धता प्राप्त गरी भुक्तानी निकासा हुने व्यवस्था मिलाउने।

२. वैदेशिक ऋण तथा अनुदानको स्रोत फुकुवा नभएसम्म उक्त आयोजनाको वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत खर्च शीर्षकगत आधारमा रोक्का राख्नु पर्नेछ । तर पूर्व प्रभावी वित्तीय (Retroactive Financing) सम्झौता भएको हकमा अर्थ मन्त्रालयको सहमतिमा भुक्तानी निकासा दिने व्यवस्था गर्ने ।

३. वैदेशिक स्रोत समावेश भएका कार्यक्रममा विनियोजित नगद ऋण तथा नगद अनुदान रकम निकासा गर्न यस कार्यालयको स्रोत फुकुवा आवश्यक पर्नेछ। साथै नगद ऋण तथा नगद अनुदानको वित्तीय हस्तान्तरण तथा भुक्तानी निकासा महालेखा नियन्त्रक कार्यालयको खातामा आवश्यक मौज्दात भए मात्र स्रोत फुकुवा गरिनेछ ।

४. सोधभर्ना हुने अनुदान तथा ऋण समावेश भएको कार्यक्रमको प्रथम त्रैमासिकको वित्तीय हस्तान्तरण तथा भुक्तानी निकासा गर्न यस कार्यालयको स्रोत फुकुवा आवश्यकता नपर्ने तर दोश्रो, तेश्रो र चौथो त्रैमासिकको शोधभर्ना हुने रकम वित्तीय हस्तान्तरण तथा भुक्तानी निकासा गर्दा यस कार्यालयको श्रोत फुकुवा अनिवार्य हुनेछ ।

५. शोधभर्ना निर्देशिका बमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा त्रैमासिक अवधि समाप्त भएको अर्को त्रैमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गरिसक्नु पर्ने व्यवस्था भएकोले सोको अनुगमन गर्ने ।

६. सोझै भुक्तानी र वस्तुगत सहायताको विवरण प्राप्त हुनासाथ सम्बन्धित कार्यालयले कम्प्युटरकृत सरकारी लेखा प्रणाली (Computerized Government Accounting System - CGAS) मा प्रविष्टी गरी भुक्तानी आदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था कार्यान्वयन गर्ने गराउने र सोको अनुगमन मासिक रुपमा गर्ने ।



-फोन : ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स : ९७७-१-४७७१२९१, इमेल: info@fcgo.gov.np

(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

१. प्रचलित कानून बमोजिम कार्यक्रम संशोधन गर्नु परेमा, कार्यक्रम संशोधन प्रक्रिया, रकमान्तर, स्रोतान्तर र थप निकासा लगायतका प्रक्रिया, पूरा गरी LMBIS प्रविष्ट गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्ने व्यवस्था रहेको हुँदा सोको अनुगमन गर्ने ।

२. अर्थ मन्त्रालयको सहमति विना अनिवार्य दायित्व अन्तर्गत पर्ने खर्च शीर्षक तलब, भत्ता, स्थानीय भत्ता, पोशाक, खाद्यान्न, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकबाट अन्यत्र रकमान्तर गर्न पाइने छैन । तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घरभाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन भए/नभएको अनुगमन गर्ने । तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी निकासा गर्ने व्यवस्था मिलाउने ।

३. अनिवार्य दायित्व बापत बाँडफाँट कम गरेको कारणबाट सृजित दायित्वका लागि रकमान्तर र थप निकासा हुने छैन । साथै यस्तो दायित्व पछिल्ला आर्थिक वर्षमा सार्ने गरी भुक्तानी दिन बाँकी समेतमा राख्न नपाईने व्यवस्था मिलाइएको हुँदा सो अनुसार गर्ने गराउने ।

४. पूँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न नसकिने व्यवस्था मिलाइएको हुँदा सो अनुसार भए / नभएको अनुगमन गर्ने ।

५. सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी नीति बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने / गराउने ।

६. स्वीकृत दरबन्दी र विनियोजित बजेटको सीमाभित्र रहेर मात्र सेवा करारका कर्मचारीहरूको व्यवस्थापन गर्ने / गराउने। सेवा करारमा राख्न सकिने पदको स्थायी दरबन्दी रिक्त भएको अवस्थामा सम्बन्धित मन्त्रालय अन्तर्गत फाजिलमा रहेका कर्मचारीबाट पदपूर्ति हुने र सो नभएमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउँदा पनि पदपूर्ति हुन नसकेमा अर्थ मन्त्रालयको सहमति लिनु पर्ने व्यवस्था रहेकोले सोही अनुसार गर्ने गराउने व्यवस्था गर्नुहुन ।

७. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामग्री खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम रूपमा मितव्ययिता अपनाई खर्च भए/नभएको अनुगमन गर्ने ।

८. सरकारी कार्यालयहरूले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनमा प्राथमिकता दिनु पर्नेछ। त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्ने व्यवस्थाको कार्यान्वयन भए / नभएको अनुगमन गर्ने ।



-फोन : ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स : ९७७-१-४७७१२९१, इमेल: info@fcgo.gov.np

(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था

१. खर्च, कार्य सञ्चालन कोष, धरौटी तथा अन्य कोषको लेखा राख्दा C-GAS, राजश्वको लेखा राख्दा राजश्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System - RMIS) तथा सम्पत्तिको लेखाङ्कन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System – PAMS) मा लेखा राख्ने र प्रतिवेदन गर्ने / गराउने।

२. विनियोजन ऐनले फ्रिज नहुने भनि तोकिएको शिर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गर्ने गराउने ।

३. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक र परामर्शदाताको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा सम्बन्धितका बैंक खातामा भुक्तानी गर्ने व्यवस्था मिलाउने । तलब, भत्ता, औषधी उपचार, उपदान, सञ्चित विदा र सामाजिक सुरक्षा भत्ता लगायतका सबै प्रकारका भुक्तानीहरु सोझै बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था कार्यान्वयन गर्ने गराउने ।

४. विनियोजन ऐन, २०७९, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन र मापदण्ड लगायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानुनको पालना गरी / गराई वित्तीय अनुशासन कायम गर्ने गराउने ।

(च) खर्चको अख्तियारी

१. बजेट उपशीर्षक ६०१०००१२ उपदान, बजेट उपशीर्षक ६०१०००१३ संचित विदा र बजेट उपशीर्षक ६०१०००१६ औषधि उपचार रकम भुक्तानीको लागि सम्बन्धित कार्यालयबाट माग भएको खर्च हुने रकम एकिन गरी तलब खर्च हुने बजेट उपशिर्षकको सम्बन्धित खर्च शिर्षकमा कोष तथा लेखा नियन्त्रक कार्यालयले LMBIS बाट रकमान्तर गरिदिने । सोको आधारमा सम्बन्धित कार्यालयले अख्तियारी अनुसार निकासा भुक्तानी माग गरी खर्च गर्ने व्यवस्था मिलाउने । उपदान, संचित विदा र औषधि उपचार रकम २०७९ माघ मसान्तसम्म निकासा भुक्तानी दिने र २०७९ फागुनदेखिको निकासाका लागि महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त निर्देशानुसार गर्ने ।

(छ) प्रदेश र स्थानीय तहको अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था

१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रदेश र स्थानीय तहले राजस्व र व्ययको अनुमान सम्बन्धित सभामा पेश गरी पारित गरेको विवरण प्राप्त भएपछि मात्र सबै प्रकारका अनुदान दिने व्यवस्था मिलाउने ।



-फोन : ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स : ९७७-१-४७७१२९१, इमेल: info@fcgo.gov.np

२. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको २०७९ भाद्र २ गते, २०७९ कार्तिक २ गते, २०७९ माघ २ गते र २०८० वैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण गर्ने व्यवस्था मिलाउने ।

३. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा २०७९ कार्तिक १ गते, २०७९ माघ १ गते, २०८० वैशाख १ गते र वार्षिक आर्थिक विवरण २०८० श्रावण मसान्तभित्र पेश गर्नुपर्ने व्यवस्था रहेकोले विवरण प्राप्त भएपछि मात्र वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम हस्तान्तरण गर्ने व्यवस्था मिलाउने ।

४. सशर्त अनुदानको एक तिहाईले हुन आउने रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश वा स्थानीय तहको सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते हस्तान्तरण गर्नुपर्नेछ तर वैदेशिक स्रोत समावेश भएको हकमा स्रोत फुकुवा आवश्यक पर्नेछ ।

५. अनुदानको खर्चको विवरणको आधारमा प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम खण्ड छ को बुँदा नं. ४ बमोजिमको खर्च रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिने व्यवस्था गर्ने गराउने ।

६. वैदेशिक ऋण तथा अनुदानको स्रोत फुकुवा नभएसम्म उक्त कार्यक्रम/क्रियाकलापको वैदेशिक स्रोत समावेश भएको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत रोक्का रहनेछ ।

७. नेपाल सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश तथा स्थानीय तहलाई समपुरक र विशेष अनुदान रकम हस्तान्तरण गर्ने गराउने ।

८. सशर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई वचत भएमा त्यस्तो वचत रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउने । सोही आर्थिक वर्षभित्र सञ्चित कोषमा दाखिला गर्न सम्भव नभएमा आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र अनिवार्य रुपमा दाखिला गर्ने व्यवस्था मिलाउने ।

९. बुँदा नं. ८ बमोजिम बचत रकम फिर्ता दाखिला नभएमा आर्थिक वर्ष २०७९।८० मा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान रकम हस्तान्तरण गर्दा फिर्ता नभएको रकम बराबर सङ्घीय सञ्चित कोषमा जम्मा गर्ने र बाँकी रकम मात्र सम्बन्धित प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्ने ।

महालेखा नियन्त्रक



-फोन : ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स : ९७७-१-४७७१२९१, इमेल: info@fcgo.gov.np

(ज) प्रतिवेदन तथा लेखाङ्कन

१. स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) को आधारमा सवै स्थानीय तहको आर्थिक कारोबारको बजेटिङ्ग, लेखाङ्कन र प्रतिवेदन अनिवार्य रुपमा गर्ने / गराउने व्यवस्था मिलाउने ।

२. विनियोजन ऐन, २०७९ को दफा ६(३) बमोजिम नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सर्शत अनुदान अन्तर्गतको बैदेशिक स्रोत समावेश भएको कुनै योजना तथा कार्यक्रम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा खर्च गर्ने प्रदेश वा स्थानीय तहले छुट्टै अभिलेख राखी निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भएको हुँदा सोही अनुसार भए/नभएको अनुगमन गर्ने।

(झ) आन्तरिक लेखापरीक्षण

१. आन्तरिक लेखापरीक्षण योजना तयार गरी भाद्र मसान्त भित्र अनिवार्य रुपमा TSA प्रणालीको आन्तरिक लेखापरीक्षण मोड्युलमा प्रविष्टी गर्ने ।

२. त्रैमासिक अवधि समाप्त भएको एक महिना भित्र सो अवधिसम्मको आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयहरुको अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी/गराई सोको प्रतिवेदन एकल कोष खाता प्रणाली (TSA) को आन्तरिक लेखापरीक्षण मोड्युलबाट गर्ने ।

(ञ) विविध

१. यस कार्यालयबाट जारी भएका आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०७५, आन्तरिक लेखापरीक्षण कार्यविधि, सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम विक्री सम्बन्धी कार्यविधि, २०७९, आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०७९, आन्तरिक लेखापरीक्षण हाते पुस्तिका,२०७८, एकल खाता कोष प्रणाली लगायतका प्रणाली सञ्चालन निर्देशिका समेतको आधारमा कार्यसञ्चालन गर्ने व्यवस्था मिलाउने ।

२. यस मार्गदर्शनमा लेखिएका विषयहरु आर्थिक वर्ष २०७९/८० को प्रारम्भ देखि नै कार्यान्वयन गर्ने / गराउने ।

सुमनराज अर्याल
महालेखा नियन्त्रक

-फोन : ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स : ९७७-१-४७७१२९१, इमेल: info@fcgo.gov.np